**प्रस्तावः (मिति २०७६/१२/०३ गते सोमबार, ७७ औ कार्यपालिका बैठक)**

१) आगामी आ.व. २०७७/०७८ को योजना तथा कार्यक्रम सम्वन्धमा
२) म.ले.प. प्रारम्भिक प्रतिवेदन सम्वन्धमा
३) टिस्यु कल्चर प्लान्ट स्थापना सम्वन्धमा
४) स्वास्थ्य संस्था दर्ता नविकरण सम्वन्धमा
५) विपद पूर्व तयारी सम्वन्धमा (corona covid-१९)
६) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्वन्धमा
७) सार्वजनिक जग्गा सम्वन्धमा
८) ठेक्का म्याद थप सम्वन्धमा

**निर्णय नं. १:**

आगामी आ.व. ०७७/०७८ का लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तथा राजस्व बाँडफाँडको बजेट सीमा हालसम्म प्राप्त भै नसकेको तर आगामी आ.व. का लागि समयमै बजेट तर्जुमा गर्न बजेट तर्जुमाका चरणवद्ध क्रियाकलाप अगाडी बढाउन अत्यावश्यक भएकोले चालु आ.व.मा प्रत्येक महाशाखा/शाखा/वडालाई प्राप्त बजेट सीमालाई आधारमानी आगामी आ.व. ०७७/०७८ का लागि सम्वन्धित सरोकारवाला एवं विषयगत समितिसंगको व्यापक छलफल एवं सहभागितामा योजना तथा कार्यक्रम तपशिल बमोजिमको ढाँचामा तयार गरी यही २०७६ चैत्र मसान्तसम्म पेश गर्ने।

तपशिलः

| सि.नं | योजना तथा कार्यक्रमको नाम | कार्यन्वयन हुने स्थान | लक्षित समुह | लक्ष | इकाई | अपेक्षित उपलब्धि | पुष्टाइका आधार | विनियोजित रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | |
| | | | | | | | | | | | | |

**निर्णय नं. २ :**

गत आ.व.२०७५/०७६ को आय व्यय सम्वन्धमा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखा परिक्षण पश्चात प्राप्त भएको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो । प्रतिवेदनमा औल्याईएका विषयहरुमाथि सबै महाशाखा/ शाखाबाट विवरण प्राप्त गरी ३५ दिन भित्र सम्परिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा प्रतिक्रिया पठाउने ।

**निर्णय नं. ३:**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति २०७६/११/१८ , च.नं. १२३५ को पत्रानुसार चालु आ.व. २०७६/०७७ मा टिस्यु कल्चर प्लान्ट स्थापनाको लागि जग्गा माग भए बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १८ को मिति २०७६/११/२६ गते च.नं. २९४७ को पत्रानुसार टिस्यु कल्चर प्लान्ट स्थापनाका लागि घोराही उपमहानगरपालिका वडा नं. १८ अन्तर्गत पालेदमार/ सालघारीमा अवस्थित कि.नं. ६५,७१,६६,६७,४० र ७८ को जग्गा विवरण क्रमशः ८५६२, ३८३५, ८५४७२, ३११९१,३०५३, १२२८७ र ६६३० को जम्मा १५२०३० जग्गा दिने निर्णय गरेकोले सो जग्गा टिस्यु कल्चर प्लान्ट स्थापनाको लागि उपलब्ध गराउने ।

**निर्णय नं. ४:**

घोराही उपमहानगरपालिका क्षेत्र भित्र संचालित निजि स्वास्थ्य क्लिनिकहरु नविकरण गर्ने सम्वन्धमा "स्थानीयतहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०७६" बमोजिम कार्यपालिकाको निर्णय अनुसार दर्ता तथा नविकरण गर्ने व्यवस्था भएकोले आवश्यक कागजात सहित सम्पूर्ण प्रक्रिया पुरा गरी नविकरणका लागि पेश भएका तपशिल बमोजिमका स्वास्थ्य क्लिनिकहरु नविकरण तथा दर्ता गर्ने ।

तपशिलः

१. श्री ग्लोबल डाइग्नोस्टिक सेन्टर, घोराही-१५
२. श्री बि एंड बि डेन्टल, घोराही-१५
३. श्री सिर्जना फार्मेसी, घोराही-१४
४. श्री पाण्डे मेडिकल, घोराही -१४
५. श्री शिव मेडिकल, घोराही- १४
६. श्री विश्वास मेडिकल, घोराही-१५
७. श्री बि आर डेन्टल, घोराही-१५
८. श्री डिनोभा डेन्टल, घोराही — १५

**निर्णय नं. ५:**

विपद पूर्व तयारी Corona Virus (COVID-१९)सम्वन्धमा घोराही नगर क्षेत्र भित्र COVID-१९ भित्रिन नदिन तथा रोकथामका लागि न्युनतम आवश्यक पर्ने सामग्री खरिद गर्नुका साथै COVID-१९ सम्वन्धमा जनमानसमा संचेतना बढाउनका लागि वडामा गठित वास समितिलाई अनुरोध गर्ने तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरु अर्को सूचना नहुँदा सम्मका लागि बन्द राख्न अनुरोध गर्ने ।

**निर्णय नं. ६:**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम परियोजना प्रस्ताव पेश गर्न आह्वान भए बमोजिम यस घोराही उपमहानगरपालिका भित्र रहेका सार्वजनिक विद्यालयहरुबाट मिति २०७६/१२/०७ भित्र नियमानुसार प्रस्ताव सहित पेश हुन आउने सार्वजनिक विद्यालयहरुलाई नगर शिक्षा समितिले प्राथमिकताक्रम तोकी शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा कार्यान्वयनका लागि सिफारिस गर्ने ।

**निर्णय नं. ७:**

घोराही उपमहानगरपालिका वडा नं. १५ कर्मचारी मिलन केन्द्र संगै सटेको खाद्य संस्थानको जग्गा व्यावसायिक प्रयोजनका लागि दिर्घकालिन रुपमा लिजमा दिंदा नगर क्षेत्रभित्र विपदको समयमा उपयोग गर्न सकिने खुला क्षेत्रको अभाव खड्किन सक्ने सम्भावना भएकोले उक्त जग्गा लिजमा नदिन खाद्य संस्थान केन्द्रिय कार्यालयलाइ र लिजमा लिईसकेको पक्षलाई समेत स्थायी खालको भौतिक संरचना निर्माण नगर्न अनुरोध गर्ने।

**निर्णय नं. ८:**

घोराही उपमहानगरपालिकाको पाँचौ नगर सभाबाट आ.व. २०७५/२०७६ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिकाको क्षेत्र भित्रका गत आ.व.मा बोलपत्रबाट संचालन भएका तपशिल बमोजिमका योजनाहरु पहिलो पटक म्याद थप गरेको समयावधि भित्र कार्य सम्पन्न गर्न विभिन्न प्राविधिक कारणले सम्पन्न गर्न नसकेको भनि बोलपत्र दाताहरुबाट पुनः दोस्रो पटक म्याद थपका लागि निवेदन समेत पेश हुन आएको र व्यहोरा अध्ययन गर्दा मनासिब देखिएकोले कार्यालयलाई थप आर्थिक व्ययभार नपर्ने गरि सार्वजनिक खरिद नियमावली २०६४ दफा १२० उपदफा ६ (नवौ संसोधन २०७६) बमोजिम म्याद थप गर्ने ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | सम्झौता भएको मिति | पहिलो म्याद थपबाटकार्यसम्पन्न गर्नु पर्ने मिति | दोस्रो पटक म्यादथप गरेको मिति | म्याद थप गरिएको अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | ५/२०७५/०७६ | वडा कार्यालय भवन निर्माण वडा नं. १९ | गुप्ता रासन सप्लायर्स निर्माण सेवा | २०७६/१/३ | २०७६/९/२५ | २०७७/२/२५ | ४ महिना |
| २. | ७/२०७५/०७६ | शहिद गेट देखि जिल्ला प्रशासन साम सडक विस्तार | वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रा.लि | २०७६/१/२२ | २०७६/९/२५ | २०७७/२/२५ | ४ महिना |
| ३. | ८/२०७५/०७६ | गुम्राह चोक देखि आर्मी व्यारेक जाने बाटो | हरितारा कन्स्ट्रक्सन प्रा.लि. | २०७६/१/१३ | २०७६/९/२५ | २०७७/२/२५ | ४ महिना |
| ४. | ३/२०७५/०७६ | वडा कार्यालय भवन निर्माण वडा नं. १८ | चित्रकला निर्माण सेवा | २०७५/११/१० | २०७६/९/१५ | २०७७/२/१५ | ५ महिना |